नेपाली राजदूतावास, अबुधाबी

Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np


*Ref.*

## आफ्नो स्वामित्वबाहेकका बहुमूल्य वस्तुहरू साथमा नेपाल नलैजाने सम्बन्धमा

संयुक्त अरब इमिरेट्स (युएइ) का विभिन्न विमानस्थलहरूबाट नेपाल यात्रा गर्दा केही नेपालीहरूले आफ्नो स्वामित्व नभएका, अन्य व्यक्तिहरूका सुनलगायतका बहुमूल्य वस्तुहरू साथमा बोक्ने र सो क्रममा विभिन्न समस्यामा पर्ने गरेका घटनाहरू पछिल्लो समयमा बढ्दै गएको पाइएको छ।

यसरी अन्य व्यक्तिका सुनलगायतका बहुमूल्य वस्तुहरू साथमा राखी युएइबाट नेपाल यात्रा गर्दा कानुनी सजायको भागीदार हुनुपर्ने सम्बन्धमा सम्बन्धित सबैलाई सचेत गराइन्छ।

आफ्नो स्वामित्व नभएको, खरिद बिल नभएको सुनलगायतका बहुमूल्य धातुहरू एवं ल्यापटप, मोबाइलजस्ता अन्य महँगा इलेक्ट्रोनिक सामानहरू नेपाल जाने क्रममा साथमा राखी लैजाँदा त्यस्तो सामान जफत हुने र प्रचलित कानूनबमोजिम कारवाही हुने भएकाले अन्य व्यक्तिको आग्रह वा प्रलोभनमा परी आफ्नो स्वामित्व नभएका बहुमूल्य वस्तुहरू साथमा राखी नेपाल यात्रा नगर्न/नगराउनुहुन सबैमा अनुरोध गर्दछौं ।

नेपाली राजदूतावास,
अबुधाबी

२०७७ पुस २३, विहीबार ।